## पहिलो बैठक

आज मिति २०८१।०४।२७ गते आईतवार दिन भूमिकास्थान नगरपालिकाका नगर प्रमुख श्री झविलाल थापाज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिल बमोजिम निर्णयहरु गरियो ।

### तपसिल

| सि.नं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री झविलाल थापा | नगर प्रमुख | भुमिकास्थान नगरपालिका | |
| २. | श्री बालकृष्ण बन्जाडे | नगर उप-प्रमुख | भुमिकास्थान नगरपालिका | |
| ३. | श्री गोपाल प्रसाद खनाल | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १ | |
| ४. | श्री बुद्धि बहादुर थापा | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. २ | |
| ५. | श्री कृष्ण प्रसाद बन्जाडे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ३ | |
| ६. | श्री बाबुराम पन्थी सुनार | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ४ | |
| ७. | श्री जयगोपाल श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ५ | |
| ८. | श्री ..प्रेम नारायण बेल्वासे | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ६ | |
| ९. | श्री रामचन्द्र ढुंगाना | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ७ | |
| १०. | श्री राजकुमार श्रेष्ठ | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ८ | |
| ११. | श्री खेमराज चुंदाली | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. ९ | |
| १२. | श्री खगेश्वर पन्थी | वडा अध्यक्ष/ नगर कार्यपालिका सदस्य | भु.न.पा, वडा नं. १० | |
| १३. | श्री खुमा बेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १४. | श्री केशरा परियार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १५. | श्री तिर्था बेल्वासे | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १६. | श्री ठाकुर सौराग | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १७. | श्री विष्णु वि.क. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १८. | श्री मान बहादुर सुनार | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| १९. | गिता जि.एम. | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २०. | गिर बहादुर नेपाली | नगर कार्यपालिका सदस्य | भुमिकास्थान नगरपालिका | |
| २१. | श्री जगदिश चन्द्र नेपाली | सदस्य सचिव एवं प्रमुख प्रशासकीय अधिकृत | भुमिकास्थान नगरपालिका | |

CamScanner

प्रस्तावहरु

१. आर्थिक वर्ष २०८०/०८१ को प्रगति प्रतिवेदनको समिक्षा सम्बन्धमा ।
२. आर्थिक वर्ष २०८१/०८२ को नगर दररेट सम्बन्धमा ।
३. बाँफोजग्गाको लागि सूचना प्रकाशन सम्बन्धमा ।
४. प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धमा ।
५. आय ठेक्का सम्बन्धमा ।
६. योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
७. नवप्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।
८. उद्यमशीलता तालिमको लागि कच्चा पदार्थ व्यवस्थापन र सहभागीहरु छनौट सम्बन्धमा ।
९. ठेक्का बन्दोवस्तमा सम्बन्धमा । (२० प्रतिशत सम्म)
१०. उत्पादित वस्तुको मूल्य निर्धारण सम्बन्धमा ।
११. विविध - टोल विकास कार्यविधी, कृषि एम्बुलेन्स कार्यविधी, शिक्षा योजना सम्बन्धी कार्यदल

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ मा भूमिकास्थान नगरपालिकाबाट संचालित बिभिन्न योजना तथा कार्यक्रमको मिति २०८१ श्रावण ०७ गते सम्पन्न गरीएको प्रगति समिक्षा कार्यक्रमबाट प्राप्त सुझावहरुको बारेमा समिक्षा बैठक छलफल भई प्राप्त सुझाव र विभिन्न मितिमा गरिएका सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई कार्यक्रमबाट प्राप्त पृष्ठपोषणको बारेमा बैठकमा व्यापक छलफल गरियो । विभिन्न समयका तपसिल बमोजिमका पृष्ठपोषण तथा अन्य निम्नानुसारका विषयहरुलाई आगामी दिनहरुमा सुधार गर्दै लैजाने निर्णय गरियो ।

तपसिल

१. योजना तथा कार्यक्रमहरुको समयमै कार्यसम्पन्न गरी जेष्ठ मसान्त भित्र भुक्तानीको कार्य सम्पन्न गर्ने ।
२ वडा तहबाट सूचिकृत बेरोजगारहरु छनौट गर्दा एक आर्थिक वर्षमा छनौट नभएका व्यक्तिहरु छनौट गर्ने कार्यलाई प्राथमिकता दिनु पर्ने ।
३. व्यवसाय कर लगायतका करहरु मार्फत राजश्व संकलनको कार्यलाई प्रभावकारी बनाउनु पर्ने ।
४. विपद् पूर्वतयारीको सन्दर्भमा नगरपालिकाको विशेष ध्यान पुग्नुपर्ने ।
५. टोल विकास संस्थालाई सक्रिय बनाई सेवा प्रवाह थप प्रभावकारी बनाउनु पर्ने ।
६. विद्यालय लक्षित स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन गर्दा उपयुक्त हुने ।
७. आवधिक योजना र मध्यमकालिन खर्च संरचनालाई आधार लिएर बार्षिक योजना तर्जुमा गर्ने बिषयलाई ध्यान पुर्याउनुपर्ने ।
८. समिक्षाको कार्यक्रम १ दिन कम भएकोले कम्तिमा २ दिनको बार्षिक समिक्षा कार्यक्रम राख्नु पर्ने ।

९. योजना छनौट प्रक्रियामा टोल वस्तीलाई समेत सहभागी गराउन योजना तर्जुमा प्रक्रियाका सबै चरणहरु प्रभावकारी प्रयोग गर्ने ।

१०. विपद्का विषय समयमै व्यवस्थित गरे उपयुक्त ठूलो क्षतिबाट बचाउन सकिने ।

**निर्णय नं. २ :** प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८१/०८२ को लागि सार्वजनिक खरिद नियमावली २०६४ अनुसार गठित अर्घाखाँची जिल्लाको जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटलाई आधार मानी तयार गरेको ज्याला, बिभिन्न वस्तु तथा निर्माण सामग्रीको दररेट सम्बन्धि विस्तृत विवरण बैठकमा प्रस्तुत भई छलफल हुंदा उक्त दररेट समेतलाई आधारमानी तयार गरिएको भुमिकास्थान नगरपालिकाको आ.व. २०८१/०८२ को नगर दररेटलाई नगर स्तरीय दररेट समितिबाट सिफारिश भै आए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।
**निर्णय नं.२ ख)** भूमिकास्थान नगरपालिकाको लागि आवश्यक पर्ने विभिन्न औषधीहरुको नगर दररेट सम्बन्धी विषयमा छलफल गर्दा आर्थिक वर्ष २०८०/०८१ को लागि भूमिकास्थान नगरपालिकाको औषधीहरुको संलग्न बमोजिमको स्वीकृत दररेटलाई नै आर्थिक वर्ष २०८१/०८२ को लागि कायम हुने गरी नगर स्तरीय दररेट समितिबाट सिफारिश भै आएकोले सिफारिश भै आए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।



CS CamScanner

निर्णय नं. ३ : प्रस्ताव नं. ३ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको नवप्रवर्द्धन कार्यक्रम कार्यान्वयनको लागि बाँझोजग्गामा कृषिजन्य वस्तु उत्पादनको लागि बाँझो जग्गा व्यवस्थापन गर्नुपर्ने भएकोले कर्मशील जनशक्ति रोजगार आयआर्जन कार्यविधी, २०८० को अधिनमा रहि बाँझोजग्गा व्यवस्थापनको लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो र सो सम्बन्धमा सबै वडाहरुले बाँझोजग्गा व्यवस्थापनको लागि सहजीकरण गर्ने निर्णय समेत गरियो ।

निर्णय नं. ४ : प्रस्ताव नं. ४ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाका विभिन्न क्षेत्रको ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामग्रीहरु उत्खनन तथा संकलन कार्य गर्दा प्रारम्भिक वातावरणीय परीक्षण गर्न आवश्यक हुने भएकोले तपसिल बमोजिमका नदी (खोला) तथा क्षेत्रहरुको प्रारम्भिक वातावरणीय परीक्षणको सम्पूर्ण प्रक्रिया तत्काल अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

१. दुर्वाङखोला, खाकावेशी खोला

निर्णय नं. ५ : प्रस्ताव नं. ५ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको आर्थिक ऐन २०८१ को अधिनमा रही तपसिल बमोजिम आय ठेक्काको लागि निम्नानुसारको न्यूनतम मूल्यको आधारमा सूचना प्रकाशन गर्न कार्यलाई निर्देशन दिने निर्णय गरियो ।

तपसिल

१. कवाडी निकासी : आर्थिक ऐनमा तोकीएको न्यूनतम मूल्य ५५,०००।

२. नगरभित्र उत्पादन भै निकासी हुने जीवजन्तु, फलफूल तरकारी जडीबुटी लगायतका वस्तु निकासी : न्यूनत मूल्य रु. ३५,०००।

निर्णय नं. ६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा आर्थिक वर्ष २०८१/०८२ मा कार्यान्वयन हुने गरी पन्ध्रौं नगरसभाबाट स्वीकृत आयोजना तथा कार्यक्रमको सन्दर्भमा नगरपालिकाको कार्यालयबाट तयार भएको योजना तथा कार्यक्रम कार्यान्वयन योजना २०८१ स्वीकृत गर्ने निर्णय गरियो । साथै आयोजनाहरुको हकमा तपसिल बमोजिमको कार्यतालिका बमोजिम कार्य गर्न सबै प्रतिवद्ध रहने ।

तपसिल

| क्र.स. | विवरण | समयावधी | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन र योजना पुस्तक हस्तान्तरण | भाद्र २० गते भित्र | योजना पुस्तकको बारेमा कार्यपालिका बैठकमा अभिमुखिकरण समेत गर्नुपर्ने |
| २. | लागत अनुमान तयारी | भाद्र मसान्त गते भित्र | |
| ३ | उपभोक्ता समितिहरुलाई तालिम तथा योजना सम्झौता कार्य | असोज १५ गते भित्र | |
| ४ | आयोजनाहरुको ठेक्का व्यवस्थापनका सम्पूर्ण कार्यहरु गरी सम्झौता गर्ने | मंसिर मसान्त भित्र | |
| ५ | योजना कार्यसम्पन्न गर्ने | वैशाख मसान्त भित्र | |
| | वैशाख पछि गर्नुपर्ने प्रकृतिका कार्यक्रम बहेकका शाखाहरुबाट गर्नुपर्ने अन्य सम्पूर्ण कार्यक्रमहरु सम्पन्न गर्ने | वैशाख मसान्त भित्र | |
| ६ | वडाबाट अनुगमन गरी भुक्तानीको लागि नगरपालिकामा सिफारिश गर्ने | जेष्ठ १० गते भित्र | |
| ७ | नगरपालिकाबाट मूल्यांकन गरी सक्ने | जेष्ठ २० गते भित्र | |
| ८ | नगरपालिकाबाट अनुगमन गरी भुक्तानी गरीसक्नु पर्ने | जेष्ठ मसान्त भित्र | |
| ९ | त्रुटी सच्याउनुपर्ने अवस्थामा त्रुटी सच्चाउने कार्य | आषाढ १० गते भित्र | |
| १० | सम्पूर्ण हिसाब मिलान गरी खाता बन्द हुने | आषाढ २४ गते भित्र | |

निर्णय नं. ७ : प्रस्ताव नं. ७ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकामा आर्थिक वर्ष २०८०/०८१ मा स्वीकृत भै २०८०/०८१ र ०८१/०८२ सम्म संचालन हुने गरी स्वीकृत भएको नवप्रवर्द्धन कार्यक्रमबाट हाल निम्न क्षेत्रहरुमा तपसिल बमोजिमका कृषिजन्य वस्तु उत्पादनको कार्य अगाडी बढेको जसलाई सम्बद्ध वडाहरुबाट समेत निरन्तर अनुगमन गर्ने निर्णय गरियो ।

तपसिल :

१. खाकावेशी क्षेत्र : धान र अकबरे
२. बाँझापाटा : अकबरे र प्याजको सेटस्
३. डुम्रीचौर : मकैको विऊ उत्पादन
४. निमडाडा : करेला
५. सानडेभा : मकैको विऊ र घुसुवाबालीको रुपमा केही स्थानमा कोदो र केही स्थानमा भटमास

निर्णय नं. ८ : प्रस्ताव नं. ८ माथि छलफल गर्दा नवप्रवर्द्धन कार्यक्रम अन्तर्गतको उद्यमशीलता तालिमको लागि आवश्यक कच्चा पदार्थ मकैको पोस्कर र थाकलको पातको संकलन गर्ने कार्यमा कर्मशील जनशक्तिलाई परिचालन गरी अगाडी बढाउने कार्य गर्ने र थप तालिम प्रदान गर्नको लागि प्रति वडा ५० जना व्यक्तिहरुलाई छनौट गर्ने कार्य सम्बन्धित वडाहरुले तत्काल अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. ९ : प्रस्ताव नं. ९ माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाबाट ठेक्का बन्दोस्त गर्ने गरी कार्यान्वयन हुने योजना तथा कार्यक्रमहरुको ठेक्का बन्दोवस्त गर्दा स्वीकृत विनियोजित बजेट भन्दा थप २० प्रतिशतसम्म बढि लागत अनुमान तयार गरी ठेक्का बन्दोबस्त गर्न नगरपालिकाको कार्यालयलाई निर्देशन दिने र ठेक्का बन्दोवस्तमा हुने प्रतिस्पर्धाबाट कम हुन आउने रकम विनियोजित रकमभन्दा बढी हुन नआएमा सोही विनियोजनबाट भुक्तानी गर्ने र विनियोजित रकमभन्दा बढि हुन आएमा अपुग रकम यकिन गरी बजेट सुनिश्चितताको लागि सोह्रौ नगरसभामा सिफारिश गर्ने निर्णय गरियो ।

निर्णय नं. १० : प्रस्ताव नं. १० माथि छलफल गर्दा भूमिकास्थान नगरपालिकाको नवप्रवर्द्धन कार्यक्रम अन्तर्गत कर्मशील जनशक्ति मार्फत उत्पादित विभिन्न कृषिजन्य उत्पादन मध्ये तत्काल उत्पादन भएको अकबरे खुर्सानीको बिक्री मूल्य प्रति के.जी रु. १२० कायम गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : भूमिकास्थान नगरपालिकाको टोल विकास संस्था सम्बन्धी कार्यविधी संशोधन र कृषि एम्बुलेन्स सम्बन्धी कार्यविधी तयारी गर्ने कार्य अगाडी बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १२ : भूमिकास्थान नगरपालिका भित्र रहेका एच आईभि संक्रमितहरुलाई पोषण सहयोग उपलब्ध गराउने प्रयोजनको लागि अर्घाखाँची जिल्लामा सोही क्षेत्रमा काम गरिरहेको सन्देश सहयोग समूह मार्फत उक्त सेवा उपलब्ध गराउने उक्त संस्थालाई रु. ५०,०००। रकम विविध शिर्षकमा विनियोजित बजेटबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १३ : भूमिकास्थान नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा करारमा शिक्षक नियुक्ति गर्ने क्रममा संचालन हुने पदपूर्तिको प्रक्रियामा सफल उम्मेदवारले नियुक्ति लिई सकेपछि कुनै कारणले उक्त पदबाट राजिनामा दिएमा वा पदमा बहाल रहने अवस्था नरहेमा बैकल्पिक उम्मेदवारलाई व्यवस्थापन गर्ने सन्दर्भमा व्यापक छलफल भयो । सो विषयमा शिक्षक सेवा आयोग नियमावली २०५७ (संशोधन सहित) को नियम २५ को उपनियम ३ बमोजिम स्थायी शिक्षकको हकमा १ वर्ष भित्र बैकल्पिक उम्मेदवारलाई नियुक्त गर्न सकिने प्रावधान रहको । सोही प्रावधानलाई आधार लिई यस नगरपालिकाका सामुदायिक विद्यालयहरुमा करारमा शिक्षक नियुक्ति गर्दा समेत सफल उम्मेदवारले नियुक्ति लिई सकेपछि कुनै कारणले उक्त पदबाट राजिनामा दिएमा वा पदमा बहाल रहने अवस्था नरहेमा १ वर्ष भित्र बैकल्पिक उम्मेदवारलाई करार नियुक्ति दिने निर्णय गरियो ।

CamScanner